नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार,काठमाण्डौं

( स्थानीय तह समन्वय शाखा)

पत्र संख्याः-२०७६/०७७
चलानी नं. १३६

मितिः-२०७६/०७/१८

विषयः- शिक्षकको कार्यसम्पादन मूल्याकंन सम्बन्धमा ।

श्री महा/उप-महा/नगरपालिका सबै,
श्री गाउँपालिका सबै,

प्रस्तुत विषयमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको प.सं. २०७६/०७७, च.नं.१६३, मिति २०७६/०७/०५ को प्राप्त पत्र यसैसाथ संलग्न छ । सो सम्बन्धमा शिक्षकको कार्यसम्पादन मूल्याकंनको विवरण पत्रबाटै व्यहोरा अवगत गर्नुभई आवश्यक कारवाही हुन पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(जनकराज शर्मा)
शाखा अधिकृत

**बोधार्थः**
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ।
श्री सूचना तथा प्रविधि शाखा, website मा upload गर्नुहुन ।

५ भाद्र ५२१५

नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

विद्यालय शिक्षा

फोन नं. {

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः- ०७६।०७७
चलानी नं.:- १६२

मिति २०७६/०७/०५

स्थानीय तह समन्वय शाखा
दर्ता नं.:- ८६२
मितिः- ०६/१६

विषय : शिक्षकको कार्यसम्पादन मूल्याङ्कन सम्बन्धमा ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ८३२१ २०७६।७।६

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार ।

शिक्षक सेवा आयोग (दशौं संसोधन) नियमावली २०७६ बमोजिम शिक्षकको कार्यसम्पादन मूल्याङ्कनका परिवर्तित सम्बन्धमा आवश्यक कार्यान्वयन गर्न शिक्षक सेवा आयोगबाट भएका निर्णयहरु यसैसाथ संलग्न गरी प्रदेश स्थित शिक्षा विकास निर्देशनालयहरु र सबै स्थानीय तहहरुमा पत्राचार गरिदिनुहुन निर्णयानुसार अनुरोध गरिन्छ ।

गीता शर्मा
शाखा अधिकृत

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

निर्णय नं १

शिक्षक सेवा आयोग (दशौं संसोधन) नियमावली २०७६ नियम ३२को उपनियम ९(क) मा ""यो नियम प्रारम्भ हुँदाका बखत कुनै शिक्षकको कार्यसम्पादन मूल्याङ्कन हुन बाँकी रहेको भए आयोगको पूर्व स्वीकृती लिइ यो उपनियम प्रारम्भ भएको मितिले छ महिना भित्रमा यो नियम प्रारम्भ हुनु अघि कायम रहेको कार्य सम्पादन मूल्याङ्कन बापत पाउने अङ्कको आधारमा मूल्याङ्कन गरी सक्नुपर्नेछ" भन्ने व्यवस्था भएको र शैक्षिक सत्र २०७४ र २०७५ को शिक्षकहरुको कार्यसम्पादन मूल्याङ्कन कार्य सम्पन्न गर्नुपर्ने भएकोले तपसिल वमोजिम गर्ने ।

तपसिल

१। निर्धारित समयभित्र विद्यालयमा दर्ता भएको कार्य सम्पादन मूल्याङ्कन फारामको मूल्याङ्कन प्रधानाध्यापक सुपरिवेक्षक हुने भएमा प्रधानाध्यापकले मूल्याङ्कन गरी सम्बन्धित स्थानीय तहमा पठाउनुपर्नेछ र प्रधानाध्यापक आफू सुपरिवेक्षक नभएमा सुपरिवेक्षक समक्ष पठाउनुपर्नेछ ।

२। शिक्षक तथा प्रधानाध्यापकको सुपरिवेक्षक र पुनरावलोकन समिति निम्न वमोजिम हुनेछ ।

| पद | सुपरिवेक्षक | पुनरावलोकन समिति |
|---|---|---|
| शिक्षक | प्रधानाध्यापक | • सम्बन्धित स्थानीय तहको शिक्षा हेर्ने प्रमुख - **सदस्य**<br>• सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख - **सदस्य**<br>• सम्बन्धित विद्यालयको प्रधानाध्यापक - **सदस्य** |
| प्रधानाध्यापक, प्रधानाध्यापकसँग समान श्रेणीको शिक्षक र प्रधानाध्यापक भन्दा माथिल्लो श्रेणीको शिक्षक | सम्बन्धित स्थानीय तहको शिक्षा हेर्ने प्रमुख | • सम्बन्धित स्थानीय तहको शिक्षा हेर्ने प्रमुख - **सदस्य**<br>• सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख - **सदस्य**<br>• विद्यालय व्यवस्थापन समितिको अध्यक्ष - **सदस्य** |

३। मूल्याङ्कन भएको कार्यसम्पादन मूल्याङ्कन फाराम विद्यालयबाट सम्बन्धित स्थानीय तहमा र सम्बन्धित स्थानीय तहले एकमुष्ट रुपमा जिल्लास्तरको शिक्षा विकास तथा समन्वय एकाइमा पठाइ सो को दर्ता तथा अभिलेख राख्नुपर्नेछ ।

४। शैक्षिक सत्र २०७४ र २०७५ को कार्यसम्पादन मूल्याङ्कन फाराम मूल्याङ्कन हुन बाँकी रहेको भए शिक्षक सेवा आयोग (दशौं संसोधन) नियमावली २०७६ वमोजिम माथि वुँदा नं २ मा उल्लेखित सुपरिवेक्षक र पुनरावलोकन समितिले नै मूल्याङ्कन गर्नेछ ।

५। शैक्षिक सत्र २०७४ र २०७५ को कार्यसम्पादन मूल्याङ्कन गर्दा शिक्षक सेवा आयोगको नवौं संशोधन नियमावली वमोजिम नै सुपरिवेक्षकले अधिकतम ८ अङ्क र पुनरावलोकन समितिले अधिकतम २ अङ्क दिइनेछ ।

६। शैक्षिक सत्र २०७४ र २०७५ को कार्यसम्पादन मूल्याङ्कन कार्य २०७६ चैत्र १२ सम्ममा सम्पन्न गरिसक्नुपर्नेछ ।

७। पुनरावलोकन समितिको सचिवालय शिक्षा विकास तथा समन्वय एकाईमा रहनेछ ।

८। पुनरावलोकन समितिले मूल्याङ्कन गरिसकेपछि शिक्षा विकास तथा समन्वय एकाईले पुनरावलोकन समितिको रोहवरमा तहगत र श्रेणीगत खामवन्दी र सिलवन्दी (लाहाछाप) लगाइ ३० दिनभित्रमा सम्बन्धित प्रदेशस्तरको शिक्षा विकास निर्देशनालयमा पठाइसक्नुपर्नेछ ।

९। शैक्षिक सत्र २०७६ को कार्य सम्पादन मूल्याङ्कन फाराम र अङ्क सम्बन्धि व्यवस्था शिक्षक सेवा आयोग (दशौं संसोधन) नियमावली २०७६ वमोजिम हुनेछ ।